# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन ६ गते २०३४ साल

श्री ५ को सरकार

**गृह पञ्चायत मन्त्रालयको**

**सूचना**

स्थानीय प्रशासन ऐन, २०२८ (संशोधन सहित) को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले साबिक भैरहेको केही अञ्चल एवं जिल्लाहरूको सीमाना एवं क्षेत्र देहायबमोजिम हेरफेर गरी नयाँ सीमाना कायम गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सीमाना हेरफेर

| जिल्ला | गाभिन आउने गा.पं. वा क्षेत्र | पञ्चायत संख्या | कुन जिल्ला बाट गाभिन आउने | कैफियत |
|---|---|---|---|---|
| १. रामेछाप | ७ वटा घर भएको दुधुले गाउँ समेत भएको भाग | | सोलुखुम्बु | सोलुखुम्बु जिल्लाको भकान्जो गा.पं. मा गाभिन गएको ७ वटा घर भएको दुधुले गाउँ समेत भएको भाग पुनः रामेछाप गुम्देल गा. पं. मा गाभी पूर्ववत सीमाना कायम गरिएको । |
| २. दोलखा | टोकरपुर गा.पं. र लखनपुर गा.पं. अन्तरगतका टेन्सिङ,ठूलो दार्खा, खारपानी, पासेवन, काँडाबारी गोस्वारापातले र टचाङरे गाउँहरू | | रामेछाप | दोलखा र रामेछाप जिल्लाको सीमाना सैलुङ लेख र मिलती खोला कायम गरिएको । |
| ३. दोलखा | जलजले गा. पं. वडा नं. ६ मध्यका खरीढुङ्गा गाउँ, खरीखोला गाउँ, रोल, दोबाटे, रोलचौर, बिरोटा,फोकटे र तीनघरे गाउँहरू | | सिन्धुपाल्चोक | खरीढुङ्गा डाँडाको पानी ढलो प्राकृतिक सीमाना कायम गरिएको । |
| ४. दोलखा | टाँडी गाउँ | १ | ” | फेदा गाउँसंग मिलेको ५०।६० घर भएको टाँडी गाउँलाई भुसाफेदा गा. पं.मा गाभी डाँडाका पानी ढलो सीमाना कायम गरिएको । |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ५. महोत्तरी | बलवासुकनाहा गा.पं. को वडा नं. ६ को जमुनिया गाउँ, मुतहा खजुरीया गा. पं. वडा नं. १ अन्तरगतको कर्तवाटोल र संग्रामपुर गा.पं.को वडा नं. १ अन्तरगतको रामपुर टोल | | सर्लाही | बाँके नदी दुवै जिल्लाको प्राकृतिक सीमाना कायम गरिएको । |
| ६. सिन्धुली | कटारी गा. पं. को मझुवा गाउँ | | उदयपुर | कमला नदी दुवै जिल्ला-को प्राकृतिक सीमाना कायम गरिएको । |
| ७. धनुषा | हरिहरपुर हरिनभरी गा. पं. को वडा नं. ८ को दोहर गाउँ र सोही गा.पं. को वडा नं. ६ को गजडिया गाउँ समेत | | महोत्तरी | बिगही नदी दुवै जिल्ला-को प्राकृतिक सीमाना कायम गरिएको । |
| ८. धनुषा | मंगाहा गा. पं. को वडा नं. ६ मा पर्ने बर्दारिया गाउँ | | " | |
| ९. सर्लाही | ब्रम्हपुरी गा. पं. को वडा नं. ६ मा पर्ने छनकी टोला, कटर वन गा. पं. को मोहनपुरन गाउँ र गंगा पिपरा गा.पं. को १, २, ३ र ४ नं. वडाको इनर्वा मेख गाउँ | | रौतहट | वाग्मती नदी दुवै जिल्ला-को प्राकृतिक सीमाना कायम गरिएको । |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| १०. रौतहट | सेढवा गा. पं. को सेढवा गाउँ छटोल गा. पं. को १,२,३,४, र ५ नं. वडा को वखरी पकाहा र नयाँबास गाउँहरू तथा छटोल गा.पं. कै ६,७, ८, र ९ वडाहरू | सर्लाही | वाग्मती नदी दुवै जिल्लाको प्राकृतिक सीमाना कायम गरिएको। |
| ११. सर्लाही | बहादुरगञ्ज १.नं.गा.पं. को वडा नं. ९ अन्तर्गत पर्ने १२ नं. मौजार खैरमारा खोर गा.पं.को वडा नं. ७,८, ९ अन्तर्गतको घारी बथान गाउँहरू | महोत्तरी | बाँके नदी दुवै जिल्लाको प्राकृतिक सीमाना कायम गरिएको। |
| १२. सर्लाही | महेन्द्र झयाडी गा.पं.को ५,६ नं. वडाको वनटोला डुमाजोर, केराबारी गाउँहरू | सिन्धुली | चुरे डाँडाको पानी ढलो दुवै जिल्लाको प्राकृतिक सीमाना कायम गरिएको। |
| १३. मुगु | लुडकु गा. पं. को लमेर र कोटीला गाउँहरू | जुम्ला | कालेका डेलेक दुवै जिल्लाको प्राकृतिक सीमाना कायम गरिएको। |
| १४. डडेल्धुरा | वेलापुर गा. पं. को दुलेनाको डाँडादेखि उत्तरको वडा नं. ७,९ को दुवके कोइराली माटेठाटा गाउँहरू बाहेक बाँकी सम्पूर्ण भाग | बैतडी | दुलेनाको डाँडाको पानी ढलो दुवै जिल्लाको सीमाना कायम गरिएको। |
| १५. बैतडी | मोगेश्वर बोगटा गा.पं. को वडा नं. ८,९ र कोटी गाउँ समेत | डडेल्धुरा | सुरनाथ नदी दुवै जिल्लाको प्राकृतिक सीमाना कायम गरिएको। |

१६. डडेल्धुरा र कञ्चनपुर जिल्ला बीचको सीमाना चुरियाको पानी ढलो कायम गरिएको छ।

आज्ञाले–

सहायक रथी वीरेन्द्रप्रसाद शाह

श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
८२६
मुद्रण विभाग, सिंहदरबार